बाह्र

# रेडियो मदनपोखरा र सामुदायिक सहभागिता

गुणाकर अर्याल

## परिचय

मदनपोखरेली शिक्षक, बुद्धिजीवी, महिला, समाजसेवी तथा राजनीतिज्ञहरूको विकासप्रतिको उत्कट चाहना एकपछि अर्को गरी बढ्दै गए। सामुदायिक प्रकृतिको सञ्चार व्यवस्था सञ्चालन गर्ने सत्प्रयासको फलस्वरूप पहिलो पटक २०५३ सालमा माडी अडियो टावरको स्थापना गरियो (कसजू २०६३ : १८)। महिलाहरूले मात्र सञ्चालन गर्दै आएको यही अडियो टावरको विकसित रूप रेडियो मदनपोखरा हो (कसजू २०५५ : २०)। यसले २०५५ सालमा सूचना तथा सञ्चार मन्त्रालयबाट इजाजत पत्र प्राप्त गरी आफ्नो प्रसारण प्रारम्भ गर्‍यो। यो सेवामुखी संस्था हो र गाउँलेहरूले खोलेको यो नेपालको पहिलो गाउँले रेडियो पनि हो (कसजू २०६३ : २८)। गाउँको अनुहार फेर्ने उत्कट अभिलाषाका साथ उदीयमान स्वतन्त्र सञ्चारमाध्यम हो यो। रेडियो मदनपोखरा अत्यन्त नौला एवं सफल प्रयासहरूको प्रारम्भ र अभ्यासद्वारा नमूना सञ्चारमाध्यमको रूपमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा आफ्नो भिन्न पहिचान बनाउन सफल समुदायमा आधारित संस्था (Community Based Organization - CBO) हो (भुटिया र मार्टिन सन् २००७)।

रेडियो मदनपोखराको इजाजत पत्र मदनपोखरा गाउँ विकास समितिको नाममा जारी गरिएको छ । यसले नागरिकहरूलाई सुसूचित गराउने उद्देश्यका साथ आफ्नो लक्षित क्षेत्रभित्रका विभिन्न समुदायबाट प्रतिनिधित्व हुने गरी १५२ जनाको रेडियो सभा र त्यसबाट निर्वाचित २३ सदस्यीय सञ्चालक समितिलाई नै स्वायत्त रूपले काम गर्ने अधिकार प्रदान गरेको छ । स्थानीय स्वायत्त शासन ऐन २०५५ को दफा २६५ को उपदफा (२) को अधिकार[१] प्रयोग गरी सारेमले आफ्नो विनियमको तर्जुमा गरेको छ । मदनपोखरा गाउँ विकास समितिले समुदायका लागि समुदायले चलाउने (व्यवस्थापन, सञ्चालन र नियन्त्रण समुदायले गर्ने) समुदायको रेडियो भन्ने वाक्यांश रेडियोको विधानमै प्रस्ट रूपमा उल्लेख छ ।

रेडियो मदनपोखरा गैर-नाफामुखी संस्था हो । सबै आय-व्यय तथा बचतको लगानी सामुदायिक हितको प्रवर्धनका निम्ति नै गरिन्छ । शेयर धनी हुँदैनन् र मुनाफा वितरण पनि हुँदैन । प्रसारण संस्थाको व्यवस्थापन, सञ्चालन र नियन्त्रण सामुदायिक संयन्त्रद्वारा नै हुन्छ । अत्यधिक रूपमा स्वयंसेवकको परिचालन, सञ्चालक बोर्ड, स्वयंसेवक कर्मचारी तथा प्रसारण कार्यक्रममा अधिकतम् समावेशीकरण (लिङ्ग, जात, जाति, वर्ग, पेसा, भूगोल, भाषा, संस्कृति) पाइन्छ । सबै रेडियो कार्यक्रम स्थानीय लोकतन्त्रको सुदृढीकरणतर्फ केन्द्रीकृत छन् । गैर-दलीय राजनीतिक प्रभाव यसको अर्को विशेषता हो । यसले स्थानीय स्रोत-साधनको परिचालन गरेर सामुदायिक प्रयासबाटै रेडियो चलाउने रणनीतिक योजना बनाएको छ । यसअनुसार लक्षित क्षेत्रबाट मुष्टिदान, दाउरादान, यज्ञदान (धार्मिक कार्यबाट प्राप्त आय), गाविसहरूबाट विनियोजित बजेट, जिविस, नगरपालिका, तथा नागरिक समाजबाट रेडियो कार्यक्रमको प्रसारणका निम्ति निरन्तर योगदान प्राप्त हुँदै आएको छ । आफ्नो सुखदु:खको साथीको रूपमा रहेको प्रसारण संस्थाको आर्थिक व्यवस्थापनको निम्ति यो नौलो प्रयास उदाहरणीय र अरूका निम्ति पनि प्रेरक बनेको छ । यसरी समुदायका विभिन्न क्षेत्रबाट प्रतिनिधित्व भएको सञ्चालक समिति, त्यही क्षेत्रका स्वयंसेवक र जनशक्तिद्वारा सञ्चालित एवं समुदायको आवश्यकतामा आधारित रेडियो कार्यक्रम भएकाले पनि यसलाई आफ्नो प्रसारण संस्थाको रूपमा समुदायका सबैले माया गर्छन् । एकातर्फ सूचनामार्फत कसैको मृत्यु हुँदा मलामी जम्मा गर्न, घरेलु हिंसाद्वारा

---

१ सो अधिकारलाई “यो ऐन र यसअन्तर्गत बनेको नियमको अधीनमा रही स्थानीय निकायले आफ्नो कार्य सञ्चालन गर्न विनियम बनाउन सक्नेछ” भनी ऐनले उल्लेख गरेको छ ।

पीडित महिलाको उद्धार गर्न, गाउँमा विद्युत् वितरणका निम्ति जिल्ला तहका निकायमा सूचना पुऱ्याई सहयोग गर्न, जिल्लाका विभिन्न सरकारी तथा गैरसरकारी संस्थाहरूबाट सेवा प्राप्त गर्न जाँदा सेवाग्राहीले जानकारी राख्नुपर्ने कुरा र पूर्व-तयारी गर्नुपर्ने कागजातहरूबारे रेडियो मदनपोखराले जानकारी गराउँछ । यसले व्यावहारिक जन-जीवनलाई सहज बनाउने र सूचना उपलब्ध गराएर समुदायको मुखवाणीको रूपमा पनि काम गर्छ । अर्कातर्फ, फिल्ड स्तरमा पनि रेडियो कार्यक्रमको प्रभावकारिता बढाउन र परिणाममुखी उपलब्धि हासिल गर्न लक्षित क्षेत्रमै विभिन्न क्रियाकलाप (अभिमुखीकरण, तालिम, स्वामित्व, सहभागिता विषयक गोष्ठी, सुशासन, उत्पीडित, महिला सशक्तीकरण सम्बन्धी प्रशिक्षण, स्थानीय लोकतन्त्रको अवधारणा र सुदृढीकरणसम्बन्धी प्रशिक्षण) को सञ्चालन गर्छ । यो र यसका संयन्त्रलाई सक्रिय राख्न अपनाउने क्रियाकलाप देखेर पनि समुदायले यसलाई आफ्नै ठान्ने गरेको हो ।

मूल्य-मान्यता र आचार-व्यवहारभित्र रहेर चल्नु सामुदायिक प्रसारण संस्थाहरूको मुख्य दायित्व हो । एकातिर सेवामुखी संस्थाले व्यापारिक हैसियत राख्न नहुने नैतिकताको बन्धन छ भने अर्कातिर दिगो आर्थिक स्रोतको अभावमा सामुदायिक रेडियोलाई कसरी सञ्चालन गर्ने भन्ने कठोर चुनौती पनि अगाडि नै उभिएको छ । यस्तो जटिल परिस्थितिबाट पार पाउनका लागि सामुदायिक प्रसारण संस्थाहरूले आफ्नो निश्चित क्षेत्रमा विभिन्न खालका श्रोता क्लबहरूको गठन गरी परिचालन गर्दा बहुपक्षीय लाभ हुन्छ । सक्रिय श्रोताहरूको उपस्थितिले रेडियो कार्यक्रमको गुणस्तर वृद्धिमा सहयोग पुग्ने, रेडियोमा समुदायको स्वामित्व र सहभागिता बढ्ने, स्थानीय आय स्रोतको परिचालन हुन सक्ने, रेडियोका लागि स्वयंसेवक तथा मानवीय स्रोत उपलब्ध हुने, स्थानीय भाषा, कला तथा संस्कृतिको जगेर्नामा श्रोता क्लबको सक्रिय भूमिका रहने, समुदायको सामाजिक, आर्थिक, राजनीतिक र सांस्कृतिक रूपान्तरणका लागि रेडियोले श्रोता क्लबमार्फत र श्रोता क्लबले रेडियोमार्फत यथेष्ट भूमिका खेल्न सक्ने रहेछन् भन्ने अनुभव प्राप्त भएकाले यस समसामयिक सन्दर्भलाई यस लेखमा चर्चाको विषय बनाइएको छ ।

ग्रामीण सामुदायिक सञ्चार संस्थाको रूपमा परिचित रेडियो मदनपोखराको स्थापना, विकास र विस्तारका निम्ति २०५२ देखि म आफैंसमेत संलग्न भई काम गर्दै आउँदा भएका ज्ञान र सिकाइहरू, आर्जित व्यावहारिक अनुभवहरू, बेहोरेका दुःख-सुख र चुनौतीहरू एवं विभिन्न अध्ययन तथा अवलोकनका आधारमा यो लेख तयार गरिएको हो । विभिन्न समयमा प्रकाशित स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पत्रपत्रिका, प्रतिवेदन, लेख र रचनाहरूको अध्ययनबाट पनि यस

लेखमा थप सहयोग प्राप्त भएको छ । अध्ययनका लागि पाठकहरूको सुविधालाई ध्यानमा राखेर लेखलाई विभिन्न ७ खण्डमा बाँडिएको छ । पहिलो खण्डमा रेडियो कार्यक्रमको प्रकृति र ढाँचाबारे छोटो प्रस्तुति छ । दोस्रो खण्डमा रेडियो कार्यक्रम उत्पादन गर्दा अपनाउने प्रक्रियाका बारेमा रेडियोका आफ्नै उदाहरणसहित झलक प्रस्तुत गरिएका छन् । तेस्रो खण्डमा रेडियोका वास्तविक श्रोताहरूको पहिचान गराइएको छ। चौथो खण्डमा रेडियोका लक्षित क्षेत्रभित्र स्थापना गरिएका रेडियो सञ्जाल र यसअन्तर्गतका विभिन्न निकायको कार्यगत अन्तर्सम्बन्ध प्रस्तुत गरिएको छ। यसको उपशीर्षकअन्तर्गतका लक्षित समुदायमा स्थापित विभिन्न रेसस, मसस, रेडियो सहयोग समिति र रेडियो प्रतिनिधिहरूको नियुक्ति प्रक्रियाबारे उल्लेख गर्दै हरेक निकायको रेडियो कार्यक्रमसम्बन्धी र सामुदायिक विकाससम्बन्धी भिन्नाभिन्नै भूमिकाको उल्लेख गरिएको छ। पाँचौं खण्डमा लक्षित क्षेत्रभित्रकै सामुदायिक स्वयंसेवकबारे छोटो परिचय दिँदै उनीहरूले सञ्चालन गर्ने रेडियो कार्यक्रमहरूका उदाहरणलाई विभिन्न उपशीर्षकअन्तर्गत, जस्तैः *हाम्रो पाठशाला, किसान बोल्छ, गन्थन, वादविवाद, अनुप्रास, लोक जुहारी*का उदाहरणको उल्लेख गरिएको छ । छैटौँ खण्डमा सर्वसाधारण श्रोताहरूको भूमिका, सातौँ खण्डमा श्रोता परिचालनमा आइपर्ने चुनौती तथा सुधारका सम्भावना र अन्तमा निष्कर्ष दिइएका छन् ।

## रेडियो कार्यक्रमको प्रकृति र ढाँचा

राष्ट्रिय तहका नीतिगत र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका समाचारमूलक कार्यक्रमका लागि बाह्य स्रोतहरूमा भर पर्ने गरिएको छ। कुल प्रसारण समयमध्ये बाह्य रूपमा उत्पादित कार्यक्रमको कुल २१ प्रतिशतबाट १४ प्रतिशत समय समाचारमूलक कार्यक्रममा खर्च भएको छ। आन्तरिक साधन-स्रोतहरूबाट स्थानीय तहमा उत्पादन गरिने रेडियो कार्यक्रमहरूलाई हेर्दा यसलाई पनि नियमित रेडियो कर्मचारीद्वारा उत्पादन गरिने र श्रोताहरूबाट उत्पादन गरिने गरी दुई खालका आन्तरिक कार्यक्रम पाइन्छन् । कुल प्रसारण समयको २१ प्रतिशत बाह्य र ७९ प्रतिशत समय स्थानीय तहबाट उत्पादन गरिने आन्तरिक कार्यक्रमका लागि छुट्ट्याइएको छ। कुल प्रसारण समयको ४५ प्रतिशत मनोरञ्जनात्मक कार्यक्रम र ५५ प्रतिशत समय[२] विविध कार्यक्रमका निमित्त व्यवस्थापन गरिएको छ । यसलाई तालिका १२.१ मा अझ प्रस्ट पारिएको छ ।

[२] दैनिक प्रसारणको १७ घण्टालाई साप्ताहिक रूपमा समायोजन गरी यो गणितीय प्रतिशत राखिएको हो ।

**तालिका १२.१ : रेडियो मदनपोखराको साप्ताहिक कार्यक्रम र समय भार**

| कार्यक्रमको प्रकृति | चालू कार्यक्रमको नाम | आन्तरिक (प्रतिशत) | बाह्य (प्रतिशत) | कुल प्रसारण समय (प्रतिशत) |
|---|---|---|---|---|
| समाचारमूलक | स्थानीय गतिविधि, रेडियो नेपालको समाचार, मदनपोखरा हालचाल, नेपाल खबर, नेपाल दर्पण, कायाकैरन, बीबीसी | ६ | १४ | २० |
| शिक्षामूलक | पुस्तक वाचन, हाम्रो पाठशाला, रेडियो ब्राउजिङ, कामका कुरा, वाद-विवाद, हाम्रो शिक्षा, साथीसँग मनका कुरा, नयाँ बाटो नयाँ पाइला, गन्थन, सञ्चो बिसञ्चो, पाका पुस्ता, सवारी यात्रा | १० | २ | १२ |
| चेतनामूलक | उत्पीडित आवाज, नयाँ नेपाल, कट्वाल, परिवेश बोल्छ, माडीको पाहुर, किसान बोल्छ, मूलवटिया (कुमाल भाषा), अपाङ्ग सचेतना, पशु सेवा सन्देश | ४ | १ | ५ |
| मानव अधिकार, सुशासन | पाल्पा विकास सन्देश, इन्सेक मानव अधिकार, अनमिनको बोली, असल शासन | १ | १ | २ |
| युवा तथा बाल-बालिका | नानीको बोली, बाल फूलवारी, युवा आकृति, खेल्दै सिक्दै, स्कुलमा स्वागत | ३ | १ | ४ |
| लैङ्गिक समानता | महिला संसार, घर परिवार, सँगसँगै | १ | १ | २ |
| भाषा/साहित्य/संस्कृति | धर्म र दर्शन, सृजनात्मक अभिव्यक्ति, साहित्य प्रतिभा, अनुप्रास | ५ | ० | ५ |
| स्थानीय भाषा भाषी (मगर भाषा) | कानुङ लाम (मगर भाषा) | १ | ० | १ |
| गीत-सङ्गीत/मनोरञ्जन, लोक जुहारी | लोक गीत, राष्ट्रिय गीत, आधुनिक गीत, चलचित्रका गीत सङ्गीत | ४५ | ० | ४५ |
| विज्ञापन | सामाजिक सन्देश | ३ | १ | ४ |
| **जम्मा** | | **७९** | **२१** | **१००** |

स्रोतः सामुदायिक रेडियो मदनपोखरा पाल्पाको साप्ताहिक प्रसारण तालिका (२०६५ साउन)

तालिका १२.१ मा उल्लिखित चालू कार्यक्रमहरूमध्ये स्थानीय तहमा रेडियो आफैँले उत्पादन गर्ने दैनिक कार्यक्रम *माडीको पाहुर*ले विशेष गरी स्थानीय निकाय (गाविस, जिविस) हरूलाई जनताप्रति उत्तरदायी बनाउने, स्थानीय स्तरका सरकारी वा गैरसरकारी कार्यालयहरूमा सुशासन कायम गराउने विषयमाथि ध्यान दिएको छ। कार्यक्रम *पाल्पा विकास सन्देश*ले सेवाप्रदायक संस्थाहरूलाई जन सरोकारका विषयमा सचेत पार्न जोड दिएको छ। *महिला संसार* तथा *घर परिवार* कार्यक्रमले महिला सचेतना, कुमाल तथा मगर जातिको आर्थिक, सामाजिक पक्ष एवं भाषाको संरक्षण एवं सम्बर्द्धन गर्ने कार्यक्रमहरू *मूल*

*बटिया* र *कानुङ लाम,* त्यस्तै अपाङ्ग, वृद्धहरूलाई सम्मानित जीवन बाँच्न सक्ने वातावरण तयार गर्ने कार्यक्रमहरू *अपाङ्ग सचेतना* एवं *पाका पुस्ता* कार्यक्रमहरू रेडियोको स्थापनाकालदेखि नै सञ्चालन हुँदै आएका छन् । स्थानीय साहित्यिक प्रतिभाहरूको मनोबल उच्च गराउने र नवोदित प्रतिभाहरूलाई समेत यस क्षेत्रमा प्रेरित गर्न रेडियो कार्यक्रम *साहित्य प्रतिभा*ले उल्लेखनीय योगदान गरेको छ (पहारी २०६१ : २७) । यसै गरी स्थानीय स्तरका किसानहरूको कृषिलाई टेवा पुऱ्याउने कार्यक्रम *किसान बोल्छ,* पशुपालनद्वारा किसानहरूकै आय आर्जन र रोजगारी बढाउने कार्यक्रम *पशु सेवा सन्देश,* लक्षित क्षेत्रका श्रोताहरूको समावेशी आवाजलाई प्रतिनिधित्व गर्ने कार्यक्रम *परिवेश बोल्छ* र एसएलसीका विपन्न विद्यार्थीहरूको शैक्षिक मार्ग सफल र उज्यालो पार्ने कार्यक्रम *हाम्रो पाठशाला* लगायत विभिन्न ढाँचा र शैलीमा स्थानीय कार्यक्रम प्रसारण गरिन्छन् । यसै गरी हरेक घण्टा प्रसारण गरिने समाचार *मदनपोखरा हालचाल* र स्थानीय क्रियाकलापलाई समेटेर तयार गरिएको दैनिक रूपमा दुईपटक प्रसारण हुने मौलिक समाचार *स्थानीय गतिविधि* र विभिन्न मनोरञ्जनात्मक कार्यक्रमहरू मुख्यतः यसका आफ्ना उत्पादन हुन् ।

## रेडियो कार्यक्रमको उत्पादन प्रक्रिया

रेडियो कार्यक्रमका उत्पादकहरूको सम्पादकीय बैठकमा विगत हप्तामा प्रसारण गरिएका कार्यक्रमको छोटो विवेचना/विश्लेषण[३] गरिन्छ र आगामी नयाँ कार्यक्रमका लागि मुद्दाको पहिचान पनि गरिन्छ । सम्बन्धित व्यक्ति (श्रोता) ले सोझै सम्पर्क गरेर वा रेडियो मदनपोखराको सञ्जालभित्रका रेसस, मसस, रेडियो सहयोग समिति तथा रेडियो प्रतिनिधिहरूले पनि दैनिक व्यवहारमा परेका समस्या समाधान गर्न कार्यक्रम उत्पादक, प्रमुख कार्यक्रम उत्पादक वा रेडियोलाई जानकारी गराउँछन् ।[४] यसै आधारमा जल्दाबल्दा र समसामयिक मुद्दाको चयन गरी आगामी हप्ताका लागि कार्यक्रम उत्पादन गर्न कामको बाँडफाँट र जिम्मा

---

[३] रेडियो व्यवस्थापनमा यसलाई SWOT Analysis भन्ने गरिन्छ । S= strength- सबल पक्ष, W= weakness- कमजोर पक्ष, O= opportunity- अवसर र T= threats- चुनौतीहरू भन्ने बुझिन्छ । रेडियो कार्यक्रमको मूल्याङ्कन गर्न, गुणस्तर बढाउन तथा संस्थागत विकासको विश्लेषण गर्न यस तरिकाको प्रयोग गरिन्छ । यसबाट कमजोर पक्ष र चुनौतीहरूलाई कम गर्ने एवं सवल पक्ष र अवसरहरूलाई बढाउने रणनीति तयार गरिन्छ ।

[४] रेसस ,मसस, रेडियो सहयोग समिति र रेडियो प्रतिनिधिका बारेमा थप चर्चा यस लेखमा पछि गरिएको छ ।

तोकिन्छ । अन्तर्वार्ता, भ्वाइस क्लिप र फिल्डबाट सामग्री सङ्कलन गर्ने तथा प्रस्तुतीकरण गर्ने कामको बाँडफाँट आपसी सहकार्यबाट गरिन्छ । रिपोर्ट तयारी, सम्पादन र प्रसारण गर्ने तथा अरू रेडियो कार्यक्रमलाई अन्तिम रूप दिने जिम्मा सम्बन्धित विषयका कार्यक्रम उत्पादकलाई हुन्छ । यसरी तयार गरिएको कार्यक्रमलाई निश्चित समयमा प्रसारण गर्ने जिम्मा प्राविधिकहरूको हुन्छ । अनुगमन, मूल्याङ्कन तथा सुझाव समितिमाथि (अमूसुस) अनुपोषण (feedback - फिडब्याक) दिने जिम्मा हुन्छ र यसबाट आगामी कार्यक्रममा थप सिकाइ हुन्छ । उदाहरणका लागि कार्यक्रम *पाका पुस्ता*लाई लिऊँ । यस कार्यक्रमको मूल उद्देश्य विगतका अनुभव र प्रेरणाबाट आगतलाई सुन्दर बनाउने एवं वृद्धहरूलाई सम्मान गर्ने संस्कृतिको विकास गर्नु हो । तानसेन महिला सञ्चार समूहकी एक सदस्यले महिला रोजगारी, आय आर्जन र स्वदेशी उद्योगलाई टेवा दिन स्थानीय महिला पूर्णमाया महर्जनले गरेको योगदानका बारेमा *पाका पुस्ता* कार्यक्रमका सञ्चालक वीरेन्द्र घिमिरेलाई जानकारी गराउँछिन् र रेडियो कार्यक्रमको उत्पादनका लागि प्रेरित गर्छिन् । सम्पादकीय बैठकमा यसका बारेमा छलफल हुन्छ । आगामी कार्यक्रममा पूर्णमाया महर्जनको अन्तरङ्ग प्रसारण गर्ने निर्णय हुन्छ । विगतको अनुभव, राणाकाल, नारी शिक्षा, औद्योगिक प्रेरणा, समस्या, अहिलेको उत्साह र सफलताका बारेमा कार्यक्रम उत्पादन गर्ने निर्णय भएअनुसार कामको बाँडफाँट हुन्छ । वीरेन्द्र घिमिरेले अन्तर्वार्ता लिने, त्यसको सम्पादन गर्ने र अन्तिम रूप दिने काम पनि आफैँले गर्छन् । कार्यक्रमको प्रसारण हुन्छ । श्रोताहरू हरि भुसाल, कमला गैरे, कृष्ण केसी, कल्पना भण्डारीले रेडियो स्टेसनको अनुगमन, मूल्याङ्कन तथा सुझाव समिति (झपेन्द्र जीसीको संयोजकत्वमा गठित, गिरिराज खनाल, निर्मल श्रेष्ठ र गुणाकर अर्यालसहितको ४ सदस्यीय समिति) लाई फिडब्याक तथा सुझाव पठाउँछन् । समितिले समग्र फिडब्याकको अध्ययन गरी आफ्नो सुझावसमेत राखी निम्नानुसारको छोटो फिडब्याक सम्बन्धित कार्यक्रमका जिम्मेवार व्यक्ति वीरेन्द्र घिमिरेलाई दिन्छ । यसअनुसार "अन्तर्वार्तावालाको नितान्त व्यक्तिगत गफका निम्ति उपलब्ध गराइएको समय कटौती गरी उनका प्रेरक प्रसङ्ग र उत्साहलाई बढी समय उपलब्ध गराउनुपर्ने, पुरानो खद्दर र अहिलेको पाल्पाली ढाकासँग सम्बन्धित गीत र धुनले कार्यक्रमप्रतिको रोचकता बढ्ने" सुझाव दिन्छ । यसरी कार्यक्रमको प्रसारणबाट प्राप्त भएका फिडब्याक, त्यसले अरू कसैमाथि परेको सकारात्मक प्रभाव र त्यसले ल्याएका परिवर्तन भए पुन: अर्को सम्पादकीय समीक्षा बैठकमा राख्ने योजना बनाइन्छ र सिकाइलाई बाँडिन्छ ।


सबै कार्यक्रमका प्रक्रिया एउटै छैनन् । कतिपय रेडियो कार्यक्रमका श्रोता सञ्जालको सहयोग नलिइकनै कार्यक्रम उत्पादकले आफ्नो योजनाअनुसार प्रत्यक्ष रूपबाट सम्बन्धित व्यक्तिसँग भेटेर, स्टुडियोमा बोलाएर, टेलिफोनमार्फत टक शो गरेर पनि कार्यक्रम प्रसारण गर्न सक्छन् । उदाहरणका लागि कृषि कार्यक्रम *(किसान बोल्छ)* को उत्पादनका निम्ति कार्यक्रम उत्पादकले सम्बन्धित विषयका सफल कृषकहरू, जिल्ला कृषि विकास कार्यालयका प्राविधिक (जे.टी., जे.टी.ए.) लाई स्टुडियोमा राखेर नयाँ अनुभवमाथि मन्थन गराउने, श्रोताहरूका जिज्ञासाबारे आफ्ना विचार दिनेजस्ता प्रत्यक्ष प्रसारणका कार्यक्रम पनि चलाउँछन् । यसमा श्रोताहरू आफ्ना जिज्ञासाबारे प्रस्ट हुन प्रत्यक्ष सहभागी हुन्छन् । राजनीतिक तथा सामाजिक क्षेत्रका सामूहिक विषयमा बहसको सञ्चालन पनि गरिन्छ जसमा विज्ञहरूले अत्यन्त महत्त्व दिएर गहिरो छलफल गर्छन् र यसको प्रत्यक्ष प्रसारण गरिन्छ । बहसका विषय र रेडियो कार्यक्रमअनुसार कुनै बहसको विषयमा श्रोतालाई प्रत्यक्ष सहभागी हुने समय छुट्टयाइएको हुन्छ तर कुनैमा भने यस्तो गरिएको हुँदैन तर बहस कार्यक्रमको समाप्तिपछि मात्र आफ्ना फिडब्याक दिएर श्रोताहरू सहभागी हुन्छन् ।

यसरी भिन्न-भिन्न प्रकृतिका रेडियो कार्यक्रममा श्रोता सहभागिताको प्रकृति पनि भिन्न-भिन्न पाइन्छ । कुनै रेडियो कार्यक्रमको उत्पादनमा अतिथि वा जनशक्ति जुटाई सहयोग पुऱ्याएर, कुनै रेडियो कार्यक्रमको उत्पादनका निम्ति आफ्नै सफलताका उदाहरणहरू आफैँ पेश गरेर तथा कहिले फिडब्याक उपलब्ध गराएर प्रत्यक्ष वा अप्रत्यक्ष रूपबाट श्रोताहरूले रेडियोमा सहभागिता जनाएका हुन्छन् ।

## श्रोता पहिचान

रूढिवादी र समर्पणवादी सोचाइमा परिवर्तन ल्याउन र रचनात्मक काम गर्न रेडियो श्रोताहरूको ठूलो भूमिका हुन्छ । सामुदायिक रूपान्तरणको प्रतिबद्धता बोकेका रेडियो मदनपोखराको लक्षित क्षेत्रभित्र पर्ने गाविस तथा नगरपालिकामा समर्पित एवं क्रियाशील स्वयंसेवीहरूको साझा सङ्गठनलाई संयुक्त रूपबाट सम्बोधन गर्दा 'श्रोता समूह' भनिन्छ । रेडियो मदनपोखराले सङ्गी समूह गठन गरी मुष्टिदान सङ्कलन गरेर श्रोताहरूमा 'यो मेरो रेडियो हो' भन्ने भावनाको विकास गराएको छ (कौशल २०६४ : १५०) । यी श्रोता समूह रेडियो मदनपोखराका कार्यक्रम सुन्न-सुनाउन र आफ्ना टोल-छिमेकमा सकारात्मक परिवर्तन ल्याउन कटिबद्ध हुन्छन् । यसमा विशेषतः महिला सञ्चार समूह (मसस) र रेडियो सङ्गी

समूह (रेसस) आबद्ध छन् । सामुदायिक रेडियो मदनपोखरा पाल्पाका श्रोतासम्बन्धी जानकारी निम्न चित्रमा प्रस्तुत गरिएको छ :




रेडियो मदनपोखराको सङ्गठन तालिकाअनुसार प्रशासनअन्तर्गत ७ ओटा विभागहरू छन् । तीमध्ये एउटा हो कार्यक्रम विभाग । यही कार्यक्रम विभागअन्तर्गत श्रोता एकाइ पर्छ । यसलाई लक्षित क्षेत्र[५] र अन्य क्षेत्र[६] गरी दुई भागमा बाँडिएको छ । लक्षित क्षेत्रभित्रका रेडियोका सरोकारवाला (stakeholders) र शुभचिन्तकलाई रेडियो सञ्जाल, सामुदायिक स्वयंसेवक र सर्वसाधारणभित्र समेटिएको छ । यस सम्पूर्ण श्रोता सम्बन्धलाई रेखदेख र व्यवस्थित गर्ने एवं अनुगमन तथा मूल्याङ्कन गर्ने संस्थाको रणनीतिअनुसार फिल्ड स्तरका कार्यक्रमहरूलाई परिणाममुखी बनाउन कार्यक्रम संयोजकको नेतृत्वमा तीन-सदस्यीय कार्यक्रम सहायकहरूको व्यवस्था गरी सबैलाई क्षेत्रगत जिम्मा दिइएको हुन्छ । उनीहरूले नियमित रूपबाट समुदाय स्तरमा सम्पन्न गरेका आफ्ना जिम्मेवारीहरूबारे रेडियो प्रशासनमा रिपोर्टिङ गर्छन् । यस रिपोर्टलाई समेत आधार बनाएर रेडियो प्रशासनले संस्थागत विकास र सामुदायिक विकासका लागि आगामी कार्यक्रहरूको समीक्षा गर्दै जान्छ ।

---

[५] पाल्पा जिल्लाका ३५ गाविस र १ नगरपालिकालाई लक्षित क्षेत्रको रूपमा लिइएको छ । यही क्षेत्रभित्र मात्र रेडियो सञ्जालको विस्तार गरिन्छ, सम्बन्धित गाविस, नगरपालिकाका आवश्यकता र चासोअनुसार विभिन्न वर्षहरूमा गाविस सङ्ख्या थप्दै जान सकिन्छ । यो लक्षित क्षेत्रको विस्तार पाल्पा जिल्लाभन्दा बाहिर नगरिने व्यवस्था छ । अन्ततोगत्वा पाल्पा जिल्लाका सबै गाविस/नपा (६५ गाविस र १ नगरपालिका) लक्षित क्षेत्रभित्र समेटिएपछि पाल्पा जिल्लालाई लक्षित क्षेत्र भन्नुको सट्टा नमुना क्षेत्र भनेर सम्बोधन गरिन्छ ।

[६] रेडियो सञ्जाल निर्माण नगरिएका पाल्पा जिल्लाका अन्य गाविस र प्रसारणले ओगटेका पाल्पा जिल्लाबाहेकका अन्य सम्पूर्ण जिल्लाहरू ।

## रेडियो श्रोता सञ्जाल

रेडियो मदनपोखराले २०५७ सालदेखि नै श्रोता समूहहरू खोल्ने र समुदायमा आफ्नो सञ्जालको निर्माण गर्ने कार्य गर्दै आएको छ । श्रोताहरूलाई रेडियो सुन्ने बानीको विकास गराउन श्रवण केन्द्रहरू (सामूहिक रूपमा रेडियो सुन्ने केन्द्र) को स्थापना र रेडियो सहितको Sound Box को व्यवस्था गऱ्यो । सञ्चारको महत्त्व, सामुदायिक सञ्चारमाध्यम तथा समुदायका बीचको सम्बन्ध र सूचनामा समुदायको पहुँच वृद्धि, रेडियोमा समुदायको सहभागिता र स्वामित्वको अभिवृद्धि कार्यक्रम सञ्चालन गऱ्यो ।

सारेम, पाल्पाका कार्यक्रमहरूबाट एकातर्फ समुदाय सुसूचित हुँदै गएका छन् भने अर्कातर्फ यसैभित्रबाट रेडियोका निम्ति सक्षम जनशक्ति पनि तयार हुँदै गएको छ । यी उद्देश्य प्राप्तिका लागि सञ्चालित गतिविधि यस प्रकार छन् : श्रोता समूहको गठन र क्रमशः पत्रकारिता प्रशिक्षण, समुदायको परिचालन गर्ने व्यवस्था, रेडियोको दिगो विकासका निम्ति आफ्नो समुदायबाटै जनशक्ति तयार पार्ने, तदनुरूप रणनीतिको तर्जुमा गर्ने र त्यसको कार्यान्वयन गर्ने, समुदायका आवाजलाई रेडियोसम्म ल्याउने र त्यसलाई समुदायकै निम्ति प्रसारणमा लैजाने, समुदायसँग रेडियोमार्फत तथा प्रत्यक्ष भेटघाटमार्फत रेडियोका लक्ष्य, उद्देश्य तथा कार्यक्रमबारे जानकारी गराउने, अभिमुखीकरण कार्यक्रम र समूहका वार्षिक कार्यक्रमभित्रका क्षमता अभिवृद्धि कार्यक्रम, आधारभूत पत्रकारिता कार्यक्रम, नेतृत्व विकास कार्यक्रम, उद्घोषण तालिम, सीप अभिवृद्धि तालिम, युवा, महिला, कृषक, उत्पीडित, दलितहरूको चेतना अभिवृद्धिका कार्यक्रमहरू । सक्रिय श्रोताहरूबाटै रेडियो सञ्जालको निर्माण भएको छ । सामुदायिक स्वयंसेवक, नियमित कर्मचारी, समुदाय परिचालक, रेडियो प्रतिनिधि – यी सबै सशक्त सदस्यहरू भएको बलियो परिवारजस्तै छन् । यस अन्तर्सम्बन्धले रेडियो मदनपोखरालाई सामुदायिक प्रसारण संस्थाको रूपमा पहिचान गराएको छ । सानो आय आर्जनमा हुर्केको रेडियो स्टेसनलाई समुदायबाट प्राप्त स्वयंसेवाले आर्थिक पक्षमा पनि टेवा पुऱ्याएको छ । समुदायबाटै मुष्टिदान तथा दाउरादान सङ्कलन गरी केही प्रतिशत आफ्नो समुदायको विकासका निम्ति र केही प्रतिशत सामुदायिक रेडियोको अक्षय कोषमा जम्मा गरिने र रेडियोको आर्थिक अवस्था सुदृढीकरणमा पनि सहयोग पुऱ्याउने काम भएको छ । समुदायकै प्रतिनिधिहरूले समुदायकै आवश्यकतामा आधारित रेडियो कार्यक्रम उत्पादन गर्ने हुनाले जनताले आफ्नै रेडियो कार्यक्रम आफ्नै शैलीमा पाएका छन् । रेडियोमा समुदायको स्वामित्व बढाउन, रेडियोप्रति सामाजिक विश्वास, आस्था तथा प्रतिष्ठा बढाउनमा समेत श्रोता परिचालन र यससँगको सह-सम्बन्धले सहयोग पुऱ्याएको छ ।

**बक्स १२.१**
रेडियो मदनपोखराले स्टेसनको नीतिको तर्जुमा, कार्यक्रमको उत्पादन तथा प्रस्तुतिमा गरिब, निरक्षर र विपन्न श्रोताको पहुँच बढाउन सहभागितालाई व्यवस्थित गरेको हो। श्रोताका हरेक तह र वर्गलाई रेडियोमा संलग्न गराउन सकियोस् भनेर सङ्गी समूह र क्लब गठन गर्दा समुदायको समग्र प्रतिनिधित्वमाथि जोड दिइएको पाइन्छ। यसरी गठन गरिएका क्लब वा सङ्गी समूहमा महिला, बाल-बालिका, दलित तथा स्थानीय बासिन्दाका सबै वर्ग, जात, उमेर र लिङ्गको प्रतिनिधित्व होस् भन्नेमा ध्यान दिइएको छ। यस्ता समूह गठन गर्दा स्थानीय जनजाति, दलित, महिला तथा बाल-बालिकाले प्राथमिकता पाउँछन्। नेपालमा सञ्चालित एफएम रेडियोमा श्रोताको स्वामित्व र सहभागितालाई व्यवस्थित गर्न चालिएको यो नै सबभन्दा व्यवस्थित र नवीन प्रयास हो (गुरागाईं र घिमिरे सन् २००५ : ७२-७३)।

लक्षित क्षेत्रभित्रको रेडियो सञ्जाललाई चार भागमा बाँडिएको छ (हेर्नुहोस् माथिको श्रोता चार्ट)। यी चारओटै विभाजनभित्र पर्ने व्यक्तिहरू श्रोता पनि हुन् र आफ्नो सङ्गठनभन्दा बाहिरका आफ्ना समुदायलाई रेडियो माध्यमको प्रयोग गरेर सुसूचित गराउन प्रयास गर्ने स्वतन्त्र निकाय पनि हुन्। यिनैको सहयोगमा सामुदायिक गतिविधिहरूको पनि सञ्चालन गरिन्छ र प्रसारण हुने रेडियो कार्यक्रमको निर्माणका लागि पनि सहयोग प्राप्त गरिन्छ। यसरी यिनीहरूले सञ्चालन गर्ने रचनात्मक सामुदायिक गतिविधिहरूले समुदायलाई अगाडि बढाउन मद्दत गरेका छन् भने अर्कातर्फ यिनै गतिविधि र प्रभावहरू रेडियो कार्यक्रमका लागि प्रसारणयोग्य सामुदायिक विषयका राम्रा स्रोत पनि बन्छन्। लक्षित क्षेत्रभित्र स्थापित यी विभिन्न सञ्जाल (रेसस, मसस, रेडियो सहयोग समिति र रेडियो प्रतिनिधि) का बीचमा आपसी समन्वय, सम्बन्ध र सम्पर्क हुन्छ। उदाहरणका लागि प्रत्येक महिना भिन्दाभिन्दै वा संयुक्त रूपमा बस्ने रेसस, मससलगायतका नियमित बैठकमा सामुदायिक विकासका भिन्दाभिन्दै वा संयुक्त मुद्दाहरूका बारेमा छलफल र निर्णय हुन्छ। सम्बन्धित गाविस, नगरपालिकाका रेडियो सहयोग समिति र प्रतिनिधिहरूको पनि उपस्थिति हुन्छ। निर्णयलाई सकारात्मक रूप दिन आवश्यक आर्थिक, भौतिक र भावनात्मक सहयोगका निम्ति रेडियो सहयोग समितिले प्रयास गर्छ, यी सबैको संयोजन, परिचालन तथा सूचना प्रवाह गर्ने कार्यमा रेडियो प्रतिनिधिको सक्रिय भूमिका हुन्छ। रेडियो स्टेसनबाट तोकिएकै मितिमा सम्बन्धित स्थानमा पुगेर कार्यक्रम सहायकले पनि न्यूनतम सहयोग त पुऱ्याउँछन् तर निरन्तर रूपबाट नयाँ-नयाँ सोच ल्याउने र कार्यान्वयन गर्ने काममा भने सञ्जालकै ठूलो भूमिका रहन्छ। उदाहरणका लागि चापपानी

गाविसमा त्यहाँको रेससले सञ्चालन गरेको आँखा शिविर कार्यक्रम र त्यसलाई सफल पार्न रेडियो सञ्जालका सबै निकायको सक्रिय संलग्नताबारे छोटो वर्णन तल प्रस्तुत गरिएको छ ।

चापपानी रेसस पाल्पाले आँखा शिविर सञ्चालन गर्ने प्रस्ताव गऱ्यो र यसबारे विचार-विमर्श गर्न बैठक बोलायो । रेडियो प्रतिनिधि, मसस, रेडियो सहयोग समितिको उपस्थितिमा उक्त शिविर सञ्चालन गर्ने मिति र प्रक्रियाका बारेमा निर्णय भयो । रेससले जिल्लाको आँखा अस्पतालसँग समन्वय गरी चिकित्सक जुटाउने, मससले शिविर सञ्चालन गर्ने स्थान र आँखाका बिरामी बस्ने स्थान तथा शल्यक्रिया कक्षको व्यवस्थापन, स्वयंसेवकको पूर्व-तयारी र पिउने पानीको व्यवस्थापन गर्ने, रेडियो सहयोग समितिले व्यवस्थापनका निम्ति हुने खर्च जुटाउन गाविस कार्यालय र समुदायमा पहल गर्ने तथा रेडियो प्रतिनिधिले समन्वय तथा सूचना तथा समाचारको प्रवाह गर्ने कामको जिम्मा लिए । गएको माघ १६ गते चन्द्र मावि चापपानी पाल्पामा यो शिविर सम्पन्न भयो (अर्याल २०६४) । चापपानी लगायत यम्घा, बराङ्दी, खानी गाउँ, दर्लमडाँडा, खानीछाप र नायर नमतलेस गाविसका आँखाका ११२ जना बिरामीले आफ्नै गाउँ-क्षेत्रमा स्वास्थ्य लाभ गरे र ३१ जनाले मोतीबिन्दुको निःशुल्क एवं सफल शल्यक्रियाको सेवा प्राप्त गरे । सारेमले यसको समाचार प्रसारण गऱ्यो । त्यसै गरी विभिन्न सामुदायिक गतिविधिहरू सञ्जालअन्तर्गतका विभिन्न निकायहरूको संयुक्त प्रयासमा सम्पन्न गर्न र रेडियो कार्यक्रमको उत्पादन तथा प्रसारणमा समेत अत्यन्तै सजिलो हुने हुँदा यी निकायहरूको व्यवस्थापन गरिएको हो । यिनीहरूले रेडियो कार्यक्रमलाई पुऱ्याउने योगदान र सञ्चालन गर्ने सामुदायिक गतिविधिका बारेमा तल वर्णन गरिएको छ :

### *रेडियो सङ्गी समूह (रेसस)*

रेडियो सङ्गी समूह (रेसस) सारेम पाल्पाको उत्प्रेरणामा निर्माण गरिएका सङ्गठित श्रोता समूह हुन् । लक्षित क्षेत्रभित्र गठित यी समूहहरू रेडियोका सक्रिय श्रोता हुन् । लक्षित क्षेत्रभित्र पर्ने कुनै पनि गाविस, नगरपालिकाभित्रका वडाहरूमा गठन भएका प्रारम्भिक रेससका सदस्यहरूले निर्वाचनद्वारा आफूहरूमध्येबाट बढीमा २५ सदस्यीय मूल रेससको गठन गर्छन् । यसरी गठन गरिएको एउटा रेससले एउटा गाविस/नगरपालिकाको मात्र प्रतिनिधित्व गर्छ । यसको गठन गर्दा समुदायको बनोटअनुसार मिश्रित वर्गको समुदाय भए सबै क्षेत्रका उत्पीडित, दलित, जनजाति, धर्म, व्यवसायका महिला तथा अपाङ्गसमेत पर्ने गरी समावेशी

आधारमा गठन गरिन्छ । विशिष्ट खालका समुदाय, जस्तै बोटे गाउँ मात्र भए बोटेहरूको, दलित बस्तीमा दलितहरूको मात्र रेसस पनि बनाउन सकिन्छ । रेससका भूमिकाहरू निम्नानुसार छन् :

क) रेडियो कार्यक्रमसम्बन्धी भूमिका

रेडियोबाट प्रसारित अधिकांश कार्यक्रमहरू आफूले सुन्ने, अरूलाई सुन्न प्रेरित गर्ने, फोन, मोबाइल, पत्र वा आफैँ स्टेसनमा उपस्थित भएर प्रसारित रेडियो कार्यक्रमबारे सल्लाह तथा सुझाव दिने । सभ्य, सम्पन्न, सुसंस्कृत, सुन्दर समाजको निर्माणका लागि रेडियो स्टेसनबाट प्रसारित कार्यक्रमलाई रेससद्वारा सामुदायिक जीवनमा कार्यान्यवन गर्ने र राम्रा प्रयास तथा सफल अभ्यासहरूलाई अन्य क्षेत्रको प्रेरणाका लागि पनि रेडियोबाट प्रसारण गराउने गरिन्छ । आफ्ना क्षेत्रका महत्त्वपूर्ण मुद्दाहरूका बारेमा रेडियो कार्यक्रमको निर्माण गर्न रेडियो प्रतिनिधि वा रेडियो स्टेसनकै कार्यक्रम उत्पादकलाई आफ्नो समुदायमा आमन्त्रण गर्ने, आफूले सङ्कलन गरेको सूचना उपलब्ध गराई सहयोग पुऱ्याउने प्रयास यिनले गर्छन् । यद्यपि उनीहरू आफैँ कार्यक्रमको उत्पादन गर्दैनन् तर रेडियो सुनेपछि आवश्यकताअनुसार त्यसलाई व्यवहारमा कार्यान्यवन गर्न तम्सिन्छन् र सञ्चारमाध्यमलाई आफ्नो हितको निमित्त प्रयोग गर्छन् । यिनले सञ्चारमाध्यमको सहयोग लिएर आ-आफ्ना समुदायमा विभिन्न रचनात्मक कामहरू गर्छन् ।

ख) सामुदायिक विकाससम्बन्धी भूमिका

उनीहरू रेडियो स्टेसनको परिवारकै हैसियतले रेडियोको संस्थागत विकास गर्न, आर्थिक तथा सामाजिक समर्थन जुटाउन, रेडियोमा सामुदायिक सहभागिता तथा स्वामित्व वृद्धि गर्न भेटघाट, प्रचार, बैठक, भेला र अन्तर्क्रियाको सञ्चालन गरिरहन्छन् । यिनले मुष्टिदान, दाउरादान, दालचिनी, अम्लिसो र आलुको सामूहिक खेती गर्ने, सार्वजनिक सुनुवाइका कार्यक्रम चलाउने, स्वास्थ्य शिविर सञ्चालन, बाटो निर्माण एवं पुस्तकालय स्थापनाजस्ता कामहरू गर्छन् ।

रानीवास रेससले खानेपानी कार्यक्रममा आर्थिक सहयोग, जल्पा रेससद्वारा विद्यालय भर्ना अभियानमा सहयोग, कोलडाँडा रेससले नेतृत्व विकास तालिम, यम्घा रेससले बोटे समुदायमा रक्सी नियन्त्रण कार्यक्रम, चापपानी रेससले निःशुल्क दन्त शिविर सञ्चालन, खानीछाप रेससले संविधानसभासम्बन्धी मतदाता शिक्षा, सृजना रेसस चिर्तुङधाराले डेढ-लाख बराबरको सार्वजनिक भवन निर्माण, उत्साहित रेसस लुहुङले करिब ३ लाख बराबरको पुस्तकालय भवनको निर्माण

र पुस्तकको व्यवस्थाजस्ता कार्यहरू सम्पन्न गरेका छन् । यी केही उदाहरण मात्र हुन् । यस्ता रचनात्मक कार्यक्रमहरू रेडियोसँग सापेक्ष भई सञ्चालन गरेर रेससले सामुदायिक विकासमा पनि टेवा पुऱ्याएका छन् (पाल्पा टाइम्स २०६२) । उदाहरणका लागि बक्स १२.२ मा दिइएको एउटा घटनालाई लिन सकिन्छ :

**बक्स १२.२**

चिर्तुङधारा गाविस वडा नं. ५ मा विद्युतीकरण भएन । निर्वाचन हुने हरेक वर्ष १-२ ओटा विद्युत्का पोल लगेर राखिदिने, निर्वाचन सम्पन्न भएपछि उम्मेदवारले पनि बिर्सने श्रृङ्खला बढ्दै गयो । तसर्थ त्यहाँको सिर्जना रेससले यसबारेमा जिल्ला विद्युत् प्राधिकरणमा ध्यानाकर्षण गराउन रेडियो मदनपोखरालाई प्रयोग गऱ्यो । प्रमुख कार्यक्रम उत्पादकलाई यस मुद्दाबारे जानकारी गराइयो । रेकर्डर बोकेर राजेशकुमार अर्याल उक्त स्थानमा पुगे । रेसस र उपभोक्ता भेला भए । जनताको माग र आकाङ्क्षाबारे सोही स्थानमा अन्तर्वार्ता लिइयो । अर्को दिन कार्यक्रम उत्पादक विद्युत् प्राधिकरणका प्रमुखसँग जनताको आवाजसहितको माग बोकेर अन्तर्वार्ताका लागि राजेशकुमार अर्याल प्राधिकरणको कार्यालय तानसेनमा पुगे । सबै सुनिसकेपछि प्राधिकरणका प्रमुखसँग अन्तर्वार्ता लिए । उनले आफ्नो प्रतिबद्धतासहितको अन्तर्वार्ता दिए । बीस दिनभित्रमा त्यहाँ विद्युत् वितरण गरिसकिने दुवै पक्षको अन्तर्वार्ता सोही दिन साँझ ६:४० बजेको रेडियो कार्यक्रम *माडीको पाहुर*मा बज्यो । १८ दिनभित्रमा उक्त वडामा विद्युत् बल्यो, रेससले रेडियो प्रतिनिधिमार्फत सम्बद्ध पक्षलाई धन्यवाद दिएको, सेवाग्राहीले सेवा प्राप्त हुँदा खुसी व्यक्त गरेको र वडा नम्बर ५ मा विद्युत् बलेको सूचना रेडियोमा आयो । फेरि कार्यक्रम *माडीको पाहुर* मार्फत उक्त सफल प्रयासबारे अर्को अनुसरण (फलो-अप) कार्यक्रमको प्रसारण गरियो र अन्य क्षेत्रलाई पनि त्यस नौलो सिकाइबारे सारेममार्फत सूचना वितरण गर्ने कार्यमा त्यहाँको रेससले योगदान पुऱ्यायो ।

यसरी विकास निर्माण र आय आर्जनका बारेमा रेडियोले सञ्चालन गरेका कार्यक्रमहरूको प्रभावबाट रेसस प्रेरित भई नौला कार्यक्रमहरू गर्ने, तिनका बारेमा रेडियो कार्यक्रमको उत्पादन गर्न रेडियोलाई नै प्रयोग गर्ने, प्रसारित कार्यक्रम तथा त्यसको सूचनाबाट रेसस अझ बढी सक्रिय एवं प्रेरित हुने, अगाडि बढ्न हौसिने र अरू क्षेत्रलाई पनि नौला प्रयास सुनाउन पाउँदा प्रफुल्लित हुने कार्यहरू भएका छन् । उदाहरणका लागि न्यू जनजागृति रेससले चिर्तुङधारा-९, पिप्लेदेखि ठूला चौर हुँदै तानसेन न.पा. वडा नं. ९ मा पर्ने पद्मेटारीसम्म पुग्ने ४ किमि कच्ची बाटो करिब रु. ७७ हजार ५ सयबराबरको श्रमदानमा तयार गऱ्यो । मस्याम रेससले सामुदायिक वनमा ३ सय बोट दालचिनी खेती

गरेर आय आर्जन गर्नमा आफू मात्र सफल बनेन, अन्यत्र पनि दालचिनीको खेती गर्न धेरै घर-परिवारलाई प्रेरित समेत गऱ्यो । यसरी रेडियोको जीवन र श्रोता समूहको जीवनको सह-सम्बन्धले रेडियो कार्यक्रम र जनजीवनमा नै नयाँ परिवर्तन ल्याएको छ ।

*महिला सञ्चार समूह (मसस)*

लक्षित क्षेत्रभित्र पर्ने कुनै पनि गाविस तथा नगरपालिकाका महिलाहरूको भेलाले बढीमा २५ सदस्यीय समूहको निर्वाचन गर्छन् र यसलाई महिला सञ्चार समूह (मसस) भनिन्छ । यसमा पनि सबै भाषा, धर्म क्षेत्र, लिङ्ग र सम्प्रदायका जनजाति, उत्पीडित, दलित, महिलाहरूको प्रतिनिधित्व गराइन्छ । यो समूह पनि समावेशी खालको हुन्छ । यसले विशेषतः महिलाहरूको हितको प्रवर्धनका निम्ति मात्र काम गर्छ । यसको भूमिकालाई निम्न किसिमले प्रस्ट पार्न सकिन्छ :

क) रेडियो कार्यक्रमसम्बन्धी भूमिका

यसले आफैँ रेडियो कार्यक्रमको उत्पादन गर्दैन तर मसससँग सम्बन्धित विषयहरूमा समुदायका मुद्दाहरूको पहिचान गर्ने, सूचना सङ्कलन गर्ने र रेडियोमार्फत कार्यक्रमको उत्पादन तथा प्रसारण गर्न रेडियो कर्मचारीलाई प्रेरित गर्ने र सहयोग जुटाइदिनेजस्ता कामहरू गर्ने गर्दछ । कार्यक्रमका बारेमा फिडब्याक दिने, समुदायमा परेको प्रभावको अध्ययन गर्ने र महिला जगत्लाई सकारात्मक दिशाबोध गराउने काम पनि यसले गर्दै आएको छ ।

ख) सामुढायिक गतिविधिसम्बन्धी भूमिका

उदाहरणको रूपमा तानसेन मससले फेब्रिक पेन्टिङ्ग तालिम, खस्यौली मससले मतदाता शिक्षा कार्यक्रम, जल्पा मससले महिला र प्रजनन स्वास्थ्यसम्बन्धी छलफल कार्यक्रम, कसेनी मससले कानूनी साक्षरता तालिम, जागृति मससले सामाजिक विकृति नियन्त्रण कार्यक्रम, खानीछाप मससले हाजिरी जवाफ प्रतियोगिताका कार्यक्रमहरू सञ्चालन गरेका छन् । यिनबाट सरसफाइ, अन्धविश्वास र रूढिवादका विरुद्धमा सचेतना कार्यक्रम, कम्प्युटर कक्षा सञ्चालनजस्ता गतिविधिहरू सञ्चालन गरी जनता लाभान्वित भएका पर्याप्त उदाहरणहरू छन् ।

### *रेडियो सहयोग समिति*

प्रत्यक्ष रूपबाट रेडियो सहयोग समिति रेडियो कार्यक्रममा संलग्न देखिन्न । यो लक्षित क्षेत्रका हरेक गाविस तथा नगरपालिकामा त्यहाँका जिम्मेवार व्यक्ति (स्थानीय निकायका जिम्मेवार व्यक्ति) हरूको समिति हो । गाविसका अध्यक्ष वा सचिवको नेतृत्वमा ९ सदस्यीय समिति गठन गरिन्छ । यस समितिले आफ्नो गाविसभित्रका रेसस तथा मससलाई तिनले सञ्चालन गर्ने विभिन्न रचनात्मक कामहरूका लागि सहयोग गर्छ र योजनाको तर्जुमा तथा कार्यान्वयन एवं स्थानीय स्रोत-साधनको परिचालन गर्न सहयोग पुऱ्याउँछ । रेडियो मदनपोखरा र आफ्नो गाविस/नगरपालिकाभित्र सञ्चालित रेडियो सञ्जालका बीचमा रहेर यसले संयोजन गर्ने काम गर्छ । आफैं पनि रेडियो श्रोताको हैसियतले रेडियो कार्यक्रमलाई प्रभावकारी बनाउन र आफ्नो क्षेत्रलाई रेडियोमार्फत चिनाउन अग्रसर रहन्छ । यसरी रेडियो सञ्जाललाई सहयोग पुग्ने सामुदायिक विकाससम्बन्धी कार्यमा सहयोग पुऱ्याउँछ ।

### *रेडियो प्रतिनिधि*

रेडियोको लक्षित क्षेत्रभित्रका ऊर्जाशील श्रोताको रूपमा रेडियो प्रतिनिधिहरू रहेका छन् । लक्षित क्षेत्रभित्रका प्रतिनिधिका निम्ति हरेक गाविस/नपाद्वारा रचनात्मक र क्रियाशील व्यक्तित्वको चयन गरी रेडियो प्रतिनिधिका निम्ति सारेममा सिफारिश गरिन्छ । सारेम सञ्चालक समितिबाट अनुमोदन भएपछि सिफारिश भएका व्यक्ति सम्बन्धित गाविस, नगरपालिकाका लागि सारेमका आधिकारिक प्रतिनिधि तोकिन्छन् । तिनको भूमिका निम्न प्रकारको हुने गर्दछ :

#### क) रेडियो कार्यक्रमसम्बन्धी भूमिका

हरेक रेडियो प्रतिनिधिलाई आफ्नो गाविस/नपा क्षेत्रभित्रको सूचना सम्प्रेषणका लागि पूर्ण जिम्मा दिइएको हुन्छ । आफ्नो क्षेत्रभित्रमा हरेक सङ्घसंस्थाका क्रियाकलाप, विकास तथा निर्माण, दुर्घटना एवं जनसरोकारका कुनै पनि विषयका समाचार, सूचना तथा सन्देशहरू प्रसारणका लागि तिनले रेडियोमा सम्प्रेषण गर्छन् । यसरी एकातर्फ उनीहरू आफ्नो क्षेत्रको समाचार तथा समसामयिक विषय (News and Current Affairs) रेडियोमा पठाउनका निम्ति जिम्मेवार हुन्छन् भने अर्कातर्फ नियमित रूपमा प्रसारण गरिने कार्यक्रम *परिवेश बोल्छ* को उत्पादन उनीहरू आफैँले गरी प्रसारणमा ल्याउँछन् । यो कार्यक्रम नितान्त समुदायमा आधारित कार्यक्रम हो । यसमा समुदायकै जल्दाबल्दा विषयवस्तु समेटिएका

हुन्छन् । रेसस, मसस, स्थानीय निकाय, सर्वसाधारण श्रोताहरूको आवाज समेटिएको हुन्छ । रेडियो प्रतिनिधिहरू आफ्नो गाविस⁄नपाका रेसस, मसस नियमित रूपमा बस्ने मासिक बैठकमा पनि सहभागी हुन्छन् । उनीहरूले सञ्चालन गर्दै आएका रचनात्मक कार्यहरूका बारेमा आगामी महिनामा आफ्नो समुदायका निम्ति गर्ने कार्यक्रमहरूका बारेमा जानकारी राख्छन् । समुदायका जल्दाबल्दा कुराहरूका बारेमा पनि जानकारी राख्छन् र हरेक महिनाको दोस्रो शनिबार रेडियो स्टेसनमा बस्ने रेडियो प्रतिनिधिहरूको नियमित मासिक बैठकमा पनि आगामी महिनाका लागि मुद्दाको चयन गर्दा आ-आफ्ना समुदायका मुद्दामध्ये महत्त्वपूर्ण मुद्दालाई चयन गरी त्यसैमा रेडियो कार्यक्रम उत्पादन गर्ने निर्णय गर्छन् । रेडियो कार्यक्रमको विषयवस्तु कहिलेकाहीँ सबै गाविस⁄नपाका निम्ति एउटै पनि हुन सक्छ र कहिलेकाहीँ फरकफरक पनि हुन सक्छन् । यसरी सामूहिक छलफलद्वारा कार्यक्रमको विषय तथा मिति चयन गर्ने र तोकिएको मितिका लागि तोकिएको गाविस⁄नपाका कार्यक्रम तोकिएका रेडियो प्रतिनिधिद्वारा उत्पादन तथा प्रसारण गर्ने गरिन्छ । प्रसारणपछि रेसस, मसस, रेडियो सहयोग समिति, सर्वसाधारण जनता वा कार्यक्रमसँग सम्बन्धित निकायहरूले फोन तथा पत्र र सम्बन्धित रेडियो प्रतिनिधिसँग आफैँ समुदायमा प्रत्यक्ष भेटेर प्रतिक्रिया तथा सुझाव दिने गर्छन् जसले भावी कार्यक्रमको गुणस्तर अभिवृद्धि गर्नमा सहयोग पुऱ्याउँछ । रेडियो प्रतिनिधिबाट नियमित कर्मचारीमा छनोट भएमा सोही हैसियतमा पनि तिनले काम गर्छन् ।

ख) सामुढायिक विकाससम्बन्धी भूमिका

यी स्थानीय स्रोत-साधनको परिचालन गर्नमा दत्तचित्त हुन्छन् र यिनले नीति निर्माण तहमा समेत प्रतिनिधित्व गर्छन् । समुदायका विभिन्न वर्ग र व्यवसायका मानवीय शक्तिलाई सामुदायिक विकास कार्य, जस्तैः वातावरण, सरसफाइ, शिक्षा, सुशासन र स्वास्थ्यको क्षेत्रमा सदुपयोग गर्न, रेडियोकै आर्थिक पक्षलाई सुदृढ गर्नका लागि गाविस⁄नपाको बजेट विनियोजन गर्नका निमित्त प्रस्ताव प्रस्तुत गर्ने र पारित गराउने, रेडियो सञ्जालद्वारा सम्भव हुने कार्य गर्नका लागि बजेटको विनियोजन गराउने, समुदायमा आधारित संस्थाहरूलाई सारेमको आजीवन सदस्यता दिलाउने, रेडियोमार्फत विभिन्न रेडियो कार्यक्रमको निर्धारण र प्रसारण गर्न प्रेरित गर्नेजस्ता मानवीय तथा वित्तीय स्रोतको परिचालन गर्नमा सहयोग पुऱ्याउँछन् । यसै गरी रेडियो प्रतिनिधिहरूमध्येबाट सारेम सञ्चालक समितिमा पनि निर्वाचित भएर आउँछन् । रेडियोको नीति निर्माणलगायत आ-

आफ्ना गाविस/नपाका बैठकहरूमा पनि उनीहरूको पहुँच र उपस्थिति हुन्छ। यसले गर्दा सञ्चार क्षेत्रको नीति निर्माणमा पनि सकारात्मक भूमिका रहन्छ।

## सामुदायिक स्वयंसेवक

रेडियो प्रशासनले समुदायको अवश्यकतामा आधारित रेडियो कार्यक्रमको पहिचान गर्छ। सञ्चालक समितिको निर्णयअनुसार दरखास्तको आह्वान गरिन्छ र पदपूर्ति समितिले तोकेबमोजिमको ढाँचामा परीक्षा लिन्छ। उत्तीर्ण उम्मेदवारलाई समितिले सिफारिस गर्छ र त्यसलाई सञ्चालक समितिले अनुमोदन गर्छ। यसरी ऊ सामुदायिक स्वयंसेवक बन्छ। कार्यक्रम उत्पादन प्रमुखले रेडियो कार्यक्रमको उत्पादन तथा प्रसारणका लागि प्रशिक्षण र जिम्मेवारी प्रदान गर्छन्। यिनीहरूको कार्य अवधि तोकिएको हुँदैन तर कामबाट मुक्त हुन चाहेमा योगदानको कदर गर्दै प्रशंसा पत्र दिएर संस्थाले बिदाइ गर्छ। यसभित्र समुदायका विभिन्न प्रकारका श्रोताहरू पर्छन् जसले आ-आफ्ना कार्यक्रमको उत्पादन गर्छन् र प्रसारण गर्छन्। आफूले पनि सुन्छन् र अरूलाई पनि सुन्न-सुनाउन उत्प्रेरित गर्छन्। यस्ता स्वयंसेवकभित्र मूलतः समुदायभित्रैका सम्बन्धित विषयमा अभ्यस्त, अनुभवले खारिएका किसान, शिक्षक, युवा, महिला, समाजसेवी, बुद्धिजीवी, राजनीतिज्ञ, गायक तथा कलाकारहरू पर्छन्।

यिनले सम्बन्धित वर्ग, क्षेत्र र समुदायबाट फिडब्याक लिन्छन्। यस्ता रेडियो कार्यक्रमहरू निश्चित वर्गका लागि निश्चित व्यक्तिहरूले नै सञ्चालन गरेका हुन्छन्। कार्यक्रम उत्पादनको प्राविधिक क्षमता बढाउनका लागि रेडियोबाट आवश्यक प्रशिक्षण र उपकरण उनीहरूलाई उपलब्ध गराइन्छ र निश्चित कार्यक्रम सञ्चालन गर्ने जिम्मा दिइन्छ। यस्ता कार्यक्रमहरूका उदाहरण निम्नानुसार छन्:

*क) हाम्रो पाठशाला*

द्वन्द्वका कारण एसएलसी परीक्षाको परिणाममा उत्तीर्ण प्रतिशत घट्न थालेपछि रेडियो मदनपोखराले २०६२ सालदेखि कक्षा ८, ९ र १० का अङ्ग्रेजी, गणित र विज्ञान विषयका रेडियो कार्यक्रमको सञ्चालन गर्न थाल्यो। यसका लागि समुदायभित्रकै विभिन्न विद्यालयका विभिन्न विषयका विज्ञ शिक्षकहरूले आफैं यस कार्यक्रमको सञ्चालन गर्न थाले र कार्यक्रमको प्रभावकारिता पनि बढ्यो। एकातर्फ अतिरिक्त शिक्षण शुल्क (ट्युसन फी) तिरेर अतिरिक्त कक्षा पढ्न नसक्ने विद्यार्थीहरूका लागि यो कार्यक्रम वरदान सिद्ध भयो र शिक्षा तथा मनोरञ्जन

मिश्रित (Edutainment) नयाँ रेडियो शिक्षण प्रणालीले श्रोता छात्र-छात्राको सङ्ख्या बढ्दै गयो (अर्याल सन् २००५, गाउँले देउराली २०६२)। अर्कातर्फ गुणस्तरीय शिक्षण कलाको प्रभावकारिता तथा शिक्षण कलाका पारखी एवं जिज्ञासु शिक्षकहरूलाई नयाँ कला सिक्ने मौका पनि मिल्यो जसले गर्दा विद्यार्थी र शिक्षक – दुवै श्रोताहरूको सङ्ख्या बढ्दै गयो। केही प्रश्नका उत्तरहरू, समस्याका समाधान आफ्नै विद्यालयका शिक्षकहरूसँग सोध्न र गृहकार्य गरेर आफ्ना सम्बन्धित शिक्षकलाई देखाउन भनेर रेडियो कार्यक्रमबाट भनिदिएपछि त्यसका लागि सम्बन्धित शिक्षकहरू पनि पूर्व-तयारी गर्न र जानकारी राख्न श्रोता बन्नै पर्ने अवस्था रह्यो। समय-समयमा राखिने प्रतियोगिताले पनि श्रोताको सङ्ख्या र सहभागिता बढ्दै गएका हुन्।

*ख) किसान बोल्छ*

कृषकहरूको आय आर्जन वृद्धि गर्ने यस कार्यक्रमको सञ्चालन किसानहरूबाटै हुन्छ। विज्ञ र सफल किसानहरूको छनोट गरी वार्षिक कार्यक्रमको तालिका पहिले नै तयार गरिन्छ। अदुवा, कफी, तरकारी, फलफूल, पशुपालन, कुखुरापालन लगायतका विभिन्न क्षेत्रका सफल किसानहरूका विभिन्न विषयमा आफ्ना अनुभव तथा ज्ञानको बाँडचुड यस कार्यक्रममा गरिन्छ र यसबाट सम्बन्धित पेशा अँगालेका किसानहरूलाई अत्यन्तै सहयोग पुग्न गएको छ। सिपालु किसानहरूबाटै कृषिका वैज्ञानिक तौरतरिका, सफलताका कथा र प्रेरक प्रसङ्ग किसान श्रोताहरूले सुन्न पाउँदा यी अझ बढी प्रभावकारी हुन्छन्। स्थानीय बजारको ताजा तरकारी र फलफूलको मूल्य प्रसारण गरेकाले पनि श्रोता तथा रेडियोको बीचको सम्बन्ध र श्रोता सङ्ख्यालाई विस्तार गर्छ (जोशी २०५७ : २३)। तरकारी, फलफूल र पशुसँग सम्बद्ध सङ्घसङ्गठन तथा सहकारी संस्थाहरू आवश्यक सूचनाका लागि रेडियोमै बढी निर्भर हुने हुँदा रेडियोमा किसानहरूको सहभागिता स्वतःस्फूर्त रूपमा रहन्छ।

*ग) गन्थन*

समुदायमा बसोबास गर्ने शिक्षक, समाजसेवी, साहित्यकार, राजनीतिज्ञ, विद्वान् तथा वकिलहरूले समुदायको व्यावहारिक दैनिक जीवनसँग सम्बन्धित निश्चित विषयमा निश्चित व्यक्तिको विचारलाई अभिव्यक्ति दिने १५ मिनेटको स्वगत ढाँचा (Monologue Format) को यो कार्यक्रम पनि समुदायकै श्रोताहरूमध्येबाट सञ्चालन गरिन्छ। विभिन्न समुदायका आवश्यकता र अनुभवका आधारमा

समसामयिक विषयहरूको जानकारी गराउने यो कार्यक्रम पनि श्रोताहरूका बीचमा लोकप्रियता हासिल गर्न सफल कार्यक्रम हो ।

*घ) वाद–विवाद*

हरेक शनिवार साँझ ६:१० देखि ६:३० सम्म महिला शिक्षिका सरस्वती सुवेदी र पत्रकार हरि भुसालले नयाँ विषयमाथि वाद-विवाद चलाउँछन् । जाडो कि गर्मी ? लेक कि वेसी ? दिन कि रात ? दशैं अहिलेको कि पहिलेको ? घर झगडाको कारक तत्त्व महिला कि पुरुष ? यस्ता विषयहरूमा जोडदार वादविवाद चल्छ र अन्तमा एउटा टुङ्गोमा पुगिन्छ । धेरै श्रोताको मन जित्न यो कार्यक्रम पनि सफल भएको छ । समुदायको मन छुने तत्कालका विषयमा रोचक ढङ्गले आ-आफ्ना तर्क प्रस्तुत गर्ने यस शैलीले श्रोतालाई नै पक्ष र विपक्षमा स्वतः बाँडिने गराउँछ र अन्तमा समाधानको उपाय दिन्छ । यसरी श्रोताको मनमा एउटा राम्रो सन्देशको अमिट छाप पार्न यो सफल हुन्छ ।

*ङ) अनुप्रास*

पाल्पाकै पोखराथोक गाविसका गजल विधाका हस्ती सरोज काफ्लेले आफैं सञ्चालन गर्ने यो उत्कृष्ट गजल कार्यक्रम हो र यसले बहुसङ्ख्यक युवाहरूलाई मनोरञ्जन प्रदान गरेको छ । साहित्यकार तथा गजलकार युवाहरू आ-आफ्ना रचनाहरू वाचन गर्ने तथा गराउने गरी आ-आफ्नो रचनासहित प्रस्तुत हुन्छन् । कार्यक्रमले रेडियोमा युवाहरूको प्रत्यक्ष तथा पत्र, टेलिफोन, इ-मेलमार्फत यसको अप्रत्यक्ष पहुँचमा वृद्धि भएको पाइन्छ ।

*च) लोक जुहारी/लोक थुँगा*

पाल्पा जिल्लाकै नवोदित लोक गायक हुम गैरेद्वारा हरेक शनिबार साँझ ४:१० देखि ५:०० सम्म सञ्चालन *लोक जुहारी* नामक मनोरञ्जनात्मक लोक दोहोरी कार्यक्रम सञ्चालन गरिन्छ र यसमा विभिन्न समुदायका युवाहरू पालैपालो प्रत्यक्ष रूपमा स्टेसनमै आएर आफ्ना प्रतिभाहरू प्रस्तुत गर्छन् । एकातिर स्थानीय कलाकारहरू रेडियोमा प्रत्यक्ष रूपमा सहभागी हुन्छन् भने अर्कातर्फ गाउँबस्तीका श्रोताहरू स्थानीय कलाकारका स्थानीय कार्यक्रम सुनेर आनन्द लिने, आफू पनि सहभागी हुन प्रेरित हुने, सल्लाह, सुझाव दिएर आफ्ना दामलका कार्यक्रमलाई अझ राम्रो बनाउन प्रयास गर्छन् ।

हुम गैरेद्वारा सञ्चालन गर्ने अर्को मनोरञ्जनात्मक कार्यक्रम *लोक थुँगा* (हरेक बिहीबार बिहान १०:१० देखि ११ बजेसम्म सञ्चालित) हो र यसमा समुदायका युवाका स्वरहरूले रेकर्ड गरिएका गीत, सङ्गीत, मोबाइल, पत्राचार तथा एसएमएसको माध्यमबाट रेडियो कार्यक्रमलाई प्रभावित गरेका हुन्छन् ।

यसरी सामुदायिक स्वयंसेवकहरूबाट उत्पादन तथा सञ्चालन गरिने अधिकांश रेडियो कार्यक्रमहरू स्टेसनभित्रका कर्मचारीहरूबाट उत्पादन गरिने कार्यक्रमभन्दा बढी रोचक र गुणस्तरीय हुन्छन् । सामुदायिक रेडियो स्टेसनहरूमा यथेष्ट मात्रामा कर्मचारीको पनि अभाव हुन्छ र विशेष गरी, रेडियोका विषयवस्तुका लागि छुट्टाछुट्टै स्तरीय जनशक्ति नियुक्त गर्न पनि सम्भव हुँदैन । स्टेसनभित्रको मौजुदा जनशक्तिले सबै विषयमा विशिष्टता हासिल गरेको हुँदैन तर समुदायको व्यापक क्षेत्र र भूगोलभित्र हुने विभिन्न विषयमा व्यावहारिक अनुभवद्वारा खारिएका दक्ष, विज्ञ र सक्षम व्यक्तिहरू उपलब्ध हुन्छन् । यिनले विषयलाई रोचक ढङ्गले प्रस्तुत गर्न सक्छन् । उदाहरणका लागि रेडियो कार्यक्रम *हाम्रो पाठशाला* सञ्चालन गर्ने विद्यालयका वास्तविक शिक्षक, *किसान बोल्छ* कार्यक्रम सञ्चालन गर्ने वास्तविक अनुभवी कृषक, समुदायमा जुहारी खेलेर हिँड्ने तथा कर्णप्रिय लोकगीतका अल्बम उत्पादन गरेर समुदायमा स्थापित भएका लोक कलाकारहरूको प्रस्तुति यथार्थ हुन्छ, जुन नियमित कर्मचारीको भन्दा स्तरीय र लोकप्रिय हुन्छ । यिनका स्तरीय कार्यक्रमको कारणले एकातिर श्रोताको सहभागिता बढ्छ भने अर्कोतिर रेडियो स्टेसनलाई आर्थिक बोझ पनि कम हुन्छ । तर एउटै सामुदायिक स्वयंसेवकबाट भिन्न-भिन्न कार्यक्रम सञ्चालन गर्ने तथा गराउने आशा भने गर्नु हुँदैन । लामो समयसम्म यस्ता कार्यक्रम निरन्तर सञ्चालन गर्न सम्भव नहुने हुँदा निश्चित अवधिपछि पनि त्यसलाई निरन्तरता दिन स्टेसनले वैकल्पिक व्यवस्थाको लागि पहिले नै योजनाको तर्जुमा गरिसकेको हुनुपर्छ ।

## सर्वसाधारण

समुदायका अधिकांश सर्वसाधारण व्यक्ति वा संस्थाका जिम्मेवार व्यक्तिहरू सक्रिय श्रोताको रूपमा रहेका पाइन्छन् । रेडियोको प्रगतिमा खुसी हुने र अवनतिमा दुःखी हुने सर्वसाधारण मानिसहरू आफूलाई मन पर्ने कार्यक्रमका श्रोता हुन्छन् । कार्यक्रममा प्रत्यक्ष रूपले आफैँ सहभागी हुँदैनन् तर पत्र र फोनमार्फत फिडब्याक पठाउँछन् । सङ्घसंस्थाहरूका आगामी औपचारिक कार्यक्रमहरूबारे सरोकारवालाहरूलाई पूर्वसूचित गर्ने छोटा सूचना रेडियोमा (*सेरोफेरो* कार्यक्रममा) टिपाउँछन् । सृजनशील अभिव्यक्ति, लेख, रचना, तथा

कविताका निम्ति स्टुडियोमा आफैँ आउने वा रेडियोका कर्मचारीहरूलाई फिल्डमा भेटेर रेकर्ड गराउने (सृजनात्मक अभिव्यक्ति कार्यक्रम), नौला घटना र विषयबारे फोन वा चिठी-पत्रमार्फत प्रसारणको निम्ति सम्प्रेषण गर्ने गरिन्छ । सर्वसाधारणले यसरी उपलब्ध गराउने आकस्मिक, समसामयिक र अत्यन्त महत्त्वपूर्ण घटना एवं विवरणलाई कार्यक्रम *फाट्टफुट्ट* मार्फत प्रसारण गरिन्छ । यसरी एकातर्फ रेडियो मदनपोखरामा समुदायका सक्रिय श्रोताहरू सङ्गठित रूपबाट आफैँ कार्यक्रमका उत्पादक वा प्रस्तोता भएर पनि सहभागी हुन्छन् भने अर्कोतर्फ रेडियो कार्यक्रमका शुभेच्छुक, सल्लाहकार र पृष्ठपोषकको हैसियतले पनि सहभागी हुन्छन् ।

## श्रोता परिचालनमा आइपर्ने चुनौती र सुधारको सम्भावना

रेडियो सञ्जाल अन्तर्गतका व्यक्ति तथा निकायबाट सबै राम्रा र सकारात्मक उपलब्धि मात्र हासिल हुन्छन् भन्न सकिन्न । अतः यसका सम्भाव्य कमजोरी र चुनौतीहरूका बारेमा सतर्कता पनि अपनाउनुपर्ने हुन्छ । कहिलेकाहीँ सञ्चारको आफ्नो लोकप्रिय माध्यमको परिचय भजाएर निजी स्वार्थ पूरा गर्ने प्रयास पनि हुन सक्छन् । उदाहरणका लागि रेडियोको नाउँबाट रसिद छपाएर सामुदायिक क्रियाकलापका निम्ति चन्दा उठाउने, रेडियोमार्फत समुदायका अमुक व्यक्ति-विशेषको गुणगान र प्रचार-प्रसार गराइदिन्छु भनेर नगद असुल गर्ने, निजी स्वार्थ पूरा गर्नका लागि सम्पन्न नभएको कार्यलाई सम्पन्न भएको भनेर, नमरेको मानिस मरेको भनेर गलत सूचना र समाचार प्रसारण गर्न उद्यत रहने केही छिटपुट गैर-कानूनी प्रयासहरू पनि हुन सक्छन् । यस्ता समस्याहरू राजनीतिक पूर्वाग्रहका कारणले पनि हुन सक्छन् । सामुदायिक सञ्चारको अस्तित्व र महत्त्व, यसको पहिचान र परिभाषा नीतिगत रूपबाट सरकारले स्पष्ट गरेको छैन । स्थानीय स्तरमा व्यापारिक र सामुदायिक रेडियोका बीचको भिन्नता पनि प्रस्ट भएको छैन । यस अन्योलले गर्दा जिविस/नपा, गाविसजस्ता स्थानीय निकायबाट उपलब्ध गराइने अनुदान सबै खालका स्थानीय रेडियो स्टेसनलाई समान रूपबाट वितरण गर्ने परम्परा छ । यसले विशुद्ध सामुदायिक मूल्य-मान्यता बोकेर प्रसारणमा आएका सामुदायिक एफएम स्टेसनलाई ठूलो नोक्सानी भएको छ । स्थानीय स्रोत-साधनको यथेष्ट परिचालन गर्न रेडियो सञ्जालले नसकिरहेको अवस्थामा योजनानुसारका रचनात्मक कार्यक्रमहरू पनि सम्पन्न हुन सक्दैनन् । दलीय राजनीति र रेडियो राजनीतिको भिन्नता एवं स्थानीय लोकतन्त्रको विकासका बारेमा यथेष्ट मात्रामा प्रशिक्षण तथा गोष्ठीको अभावले गर्दा पर्याप्त मात्रामा सक्षम र गुणस्तरीय

जनशक्ति तयार गर्न कठिनाइ परेको छ । केही राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी सङ्गठनहरूले उपलब्धिविहीन कार्यक्रमको सञ्चालन गरी नगद वितरण गर्ने प्रणालीले गर्दा साधारण व्यक्तिका महत्त्वाकाङ्क्षालाई बढाउने हुँदा सारेमजस्ता संस्थालाई नियमित रूपमा समुदायलाई परिचालन गर्न कठिनाइ भएको छ ।

यसमा सुधार ल्याउनका निमित्त उत्पीडित, दलित तथा बोटे जातिका बस्तीहरूमा थप रेससको गठन गर्ने, सुशासन, पारदर्शिता र जवाफदेहितासम्बन्धी प्रशिक्षण दिने, परम्परावादी अन्धविश्वास र सामन्ती संस्कारका विरुद्ध स्पष्ट विचार राख्ने, वैज्ञानिक ढङ्गले सोच्ने बानीको विकास गर्न गाविस/नपामार्फत गोष्ठीको आयोजना गर्नका लागि प्रेरित गर्ने, विभिन्न गाविसमा विभिन्न सीपका निमित्त छुट्ट्याइएको बजेट फिर्ता जान नदिन र सदुपयोग गर्न श्रोता समूहलाई सचेत गराउने कार्य गर्नु आवश्यक देखिन्छ । सामाजिक परिचालनसम्बन्धी प्रशिक्षणको व्यवस्था गर्ने र समुदायमा स्थापित सङ्घसंस्थाहरूलाई समुदायप्रति उत्तरदायी तथा पारदर्शी बनाउन दबाब समूहको रूपमा श्रोता सञ्जाललाई प्रयोग गर्ने गर्नुपर्छ । स्थानीय निकायका सामाजिक विकाससम्बन्धी स-साना योजनाहरू सम्पन्न गर्ने जिम्मा श्रोता समूहलाई दिनुपर्छ । राज्यले सामुदायिक रेडियोको स्पष्ट परिभाषा र पहिचानसहितको व्यावहारिक नीति निर्माण गर्ने, स्टेसनले सामाजिक पुँजी (जनविश्वास) लाई विस्तार गर्ने, श्रोता समुदायले रेडियोमाथिको स्वामित्व बलियो बनाउने, कार्यक्रम उत्पादकले समुदायको आवश्यकतामा आधारित कार्यक्रमको प्रसारण गर्ने र व्यवस्थापन समितिले सामुदायिक रूपान्तरणका निम्ति यी सबै कार्यको संयोजन गर्ने व्यवस्था मिलाइयो भने विकासको अठोटमा टेवा पुग्छ ।

## निष्कर्ष

धेरै गाउँघरमा अहिले रेडियोको आवाज सजिलै सुन्न पाइन्छ तर धेरै रेडियोमा गाउँ-घरको पर्याप्त आवाज सजिलै सुन्न पाइँदैन । गाउँघरको यही आवाजलाई रेडियोसम्म पुर्‍याउनका लागि सीमित सम्पन्न मानिसहरू मात्र होइनन्, विपन्न गाउँलेहरू पनि सक्षम छन् भन्ने प्रमाण हो – सामुदायिक रेडियो मदनपोखरा । सङ्गठित रूपमा सञ्चालन भएका रेडियो मदनपोखराका रेसस/मससहरूले रेडियोलाई सहयोगी माध्यमको रूपमा सदुपयोग गर्दै धेरै रचनात्मक कार्यहरू गरी समुदायको रूपान्तरणमा सहयोगी बनेका छन् ।

अहिलेसम्मको अनुभवमा, आफ्ना श्रोता समूह नभएको सामुदायिक रेडियो स्टेसन र आफ्नो रेडियो स्टेसन नभएको श्रोता समूहको वास्तवमा आफ्नो अडिलो

नाता भन्ने केही पनि हुँदैन । स्टेसन खोल्न मन लाग्नेले खोल्छ, सुन्न मन लाग्नेले सुनी दिन्छ, बस, सकियो । लक्ष्य, उद्देश्य र दूरदृष्टि नै नभएका संस्थाबाट सामाजिक रूपान्तरण पनि हुँदैन । यस्ता रेडियो र श्रोताबीच अन्तर्सम्बन्ध पनि हुँदैन । तसर्थ, सामुदायिक रेडियो स्टेसनले श्रोता सम्बन्धलाई अक्षुण्ण राख्नुपर्छ । श्रोताले/समुदायले रेडियोमाथि आफ्नो स्वामित्व कायम गर्नुपर्छ । भावनात्मक रूपबाट यो आफ्नो अमूल्य सम्पत्ति हो भन्ने बोध हुनै पर्छ । यही भावनाले रेडियो स्टेसनको दिगोपनामा सहयोग पुऱ्याउँछ । सारेमको संस्थागत दिगोपनाका बारेमा कुरा गर्दा यसले सामान्य आधार मात्र तयार गरेको भन्न सकिन्छ । २०५२ सालदेखि प्रारम्भ भई आजसम्म पनि जारी राजनीतिक अस्थिरता र द्वन्द्व, त्यसैका बीचमा समुदाय र स्थानीय निकायको माया, ममता, व्यवस्थापन र नियन्त्रणमा सञ्चालन गर्ने लक्ष्य तथा उद्देश्य राखेर २०५५ सालमा यस रेडियो स्टेसनको स्थापना गरिएको थियो । एकातिर समुदायहरू हत्या, हिंसा तथा भयको वातावरणमा अँध्यारा दिनहरू बिताइरहेका थिए भने अर्कातर्फ स्थानीय निकायहरू विघटन गरिएको अवस्था थियो । स्थानीय संस्था जनप्रतिनिधिविहीन भएका थिए । गाविस/नपाहरूमा द्वन्द्वरत राजनीतिक पक्षले तालाबन्दी गरिदिएपछि स्थानीय निकायका कर्मचारीहरू आफ्नो सुरक्षाका लागि जिल्लामा केन्द्रित हुन पुगे जसले स्थानीय समुदायको प्रगति ठ्याप्पै रोकिन पुग्यो । समुदायबाट सञ्चालन गरिने सारेममा पनि यसको गहिरो असर पऱ्यो । त्यसैले पनि यसले अपेक्षित उपलब्धि हासिल गर्न सकेको छैन । आफू दिगो रूपमा चल्न सक्ने भइसकेको छैन तर आधार भने तयार भइसकेको छ । ठूलो पूँजीको रूपमा रहेको सामुदायिक विश्वास, स्थानीय आर्थिक स्रोत र मानवीय स्रोत परिचालन, साङ्गठनिक आधार, नीति, नियम, विनियम, आचार संहिताले दिगो भविष्यतर्फ लक्षित गरेको आभास हुन्छ । यसका सफल अनुभव, अभ्यास र उपलब्धिहरूभित्र अन्य स्टेसनहरूले पनि सिक्ने बुँदाहरू अवश्य भेटिन्छन् ।

अन्तमा, आफ्नो समुदाय आफैँ बनाउनका निमित्त सामुदायिक प्रकृतिको एफएम स्टेसनको ठूलो भूमिका हुन्छ । प्रशिक्षित श्रोता समूहहरूले समुदायको मर्म र भावना बुझेर काम गर्दा सामाजिक रूपान्तरणमा ठूलो सहयोग पुग्दछ भन्ने पाठ सारेम, पाल्पाले समुदायबाट सिकेको हो । परिवर्तनका वाहकका रूपमा यस्ता श्रोता समूहहरू समुदायमा स्थापित भएका छन् । श्रोता सचेतनाको लागि वास्तवमा सामुदायिक रेडियोहरूको औचित्य पुष्टि भएको छ । स्थानीय श्रोता समूहहरूले आइपर्दा राष्ट्रिय आकाङ्क्षा पूरा गर्न समेत सामूहिक योगदान गर्न सक्छन् । विगत जन आन्दोलनमा मिडिया सञ्चालक तथा सञ्चारकर्मीहरूको

महत्त्वपूर्ण योगदान रह्यो तर श्रोता समूहहरूले आफ्नो पहिचानसहित लोकतान्त्रिक आन्दोलनमा सक्रिय सहभागी भई योगदान पुऱ्याएको विषय भने नौलो नै हो। २०६३ साल वैशाख ९ गते सारेम श्रोता समूह जिल्ला समितिको आह्वानमा पाल्पा सदरमुकाम तानसेनमा लोकतन्त्रको पक्षमा विभिन्न नारा, प्लेकार्ड र ब्यानरसहित हजारौँको जुलुस प्रदर्शन भएको थियो (सङ्गीको आवाज २०६३)। यसबाट के प्रस्ट हुन्छ भने उपयुक्त प्रशिक्षण र आवश्यक वातावरणसहित परिचालन गर्न सकेमा आर्थिक, सामाजिक, सांस्कृतिक एवं राजनीतिक क्षेत्रमा पनि सकारात्मक परिवर्तनका लागि श्रोता समूहलाई वाहक बनाउन सकिन्छ।

## सन्दर्भ सामग्री


अर्याल, गुणाकर। २०६४। रेडियो सङ्गी समूहले त अचम्मै गऱ्यो है। *कुराकानी भित्ते पत्रिका* २१ : १।

कसजू, गङ्गा। २०५५। महिला सशक्तीकरणका लागि सामुदायिक प्रसारण। *हाकाहाकी* २(५) : २०।

कसजू, विनयकुमार। २०६३। ग्रामीण पत्रकारिता अहिलेको सन्दर्भमा। *मिडिया अध्ययन १* : १-३९।

कौशल, किरण। २०६४। पाल्पाका एफएम रेडियो र माघ १९ ले पारेको असर। *मिडिया अध्ययन २* : १४५-१६२।

गाउँले देउराली। २०६२। सामुदायिक रेडियो मदनपोखराको पाठशाला कार्यक्रम राम्रो छ (सम्पादकीय)। १०(२) : ३।

गुरागाईं, गोपाल र तोया घिमिरे। सन् २००५। *नेपालमा एफएम रेडियो : स्थिति र प्रवृत्ति*। काठमाडौं : एमएस नेपाल।

जोशी, रूपा। २०५७। जनताको रेडियो। *हिमाल खबरपत्रिका* १६(३१) : २३।

पहारी, कृष्ण। २०६१। माडी सेरोफेरोभित्रका लोक भजन। *वाटिका वार्षिक विशेषाङ्क* २(३) : २७।

पाल्पा टाइम्स। २०६२। गाउँको अनुहार फेर्दै छ सुसेली सङ्गी समूह (सफलताको कथा)। २१ चैत्र, पृ. ३।

सङ्गीको आवाज। २०६३। सामुदायिक रेडियो मदनपोखरा र सङ्गी समूह। पुस, पृ. १/५।

Aryal, Gunakar. 2005. Palpa's Radio Classrooms. *Nepali Times*, 26 August - 1 September, p. 11.

Bhutia, Karma Tshering and Kristy Martin. 2007. *Forging Innovations - Community Multimedia Centres in Nepal*. Paris : UNESCO.